# ५ अत्याधिक वा चरम राप

***यस अध्यायका मूल पदहरू:*** उत्पत्ति २२, होशे २:१-१२, अय्यूब १:६-२:१०, २ कोरन्थी ११:२३-२९ र यशैया ४३:१-७।

***यस अध्यायको मूल सार पद:*** **"तापनि उसलाई चकनाचूर र कष्टमा पार्न परमप्रभुको इच्छा थियो, र परमप्रभुले उसको प्राणलाई दोषबलिझैं बनाउनुभए तापनि, उसले आफ्ना सन्तान वा छोराछोरीहरूलाई देख्नेछ र आफ्नो दिन बढ़ाउनेछ र परमप्रभुको इच्छा वा आनन्द उसकै हातमा उन्नति वा फस्ताउनेछ।" यशैया ५३:१०।**

बिलायतको प्रख्यात नास्तिक सी.एस. लिविस पछि गएर उनी इसाई जगतको धुरन्धर विद्वान र साहित्यकारमा गनिन पुगेका थिए (१९८९-१९६८)। उनी बिलायतको प्रख्यात अक्सफोर्ड युनिभर्सिटीको साहित्य प्रध्यापक थिए। उनले बालिकाहरूको निम्ति समेत गरेर ३०वटा भन्दा बेसी पुस्तकहरू लेखे। उनको पुस्तक ३० भन्दा बेशीमा भाषाहरूमा अनुवाद गरिएका छन्। उनकै पुस्तकहरूको आधारमा बालबालिकाहरूको निम्ति प्रख्यात नार्निय श्रृङ्खलालाई फिल्ममा उतारिएको छ, जो अहिले पनि लोकप्रिय छन्। सन १९५६ चारवर्षसम्म क्यान्सर रोगसँग लड्ढा लड्दै उनकी श्रीमति ४५ वर्षको उमेरमा देहान्त भयो। उनी आफै पनि ६५ वर्षको उमेरमा मृगलाको रोगले मृत्यु भए।

उनले येशूको बारेमा नकारात्मक भावना, साहित्य र विरोधीकरूको बारेमा सोच्दा सोच्दै आफैले व्यक्तिगतरूपमा उहाँको खोजनीति गर्दै अध्ययन गर्न थाले। उनको हृदयमा पवित्र आत्माले घचघच्याइ रहेका थिए। उनको व्यक्तिगत, साहित्यमा सम्माननीय जीवन र सबैको आदरणीय जीवन र पवित्र

आत्माको बीचमा टक्कर परेपछि, उनले प्रभुलाई आफ्नो जीवन दिए। पवित्र आत्माको आवाजलाई उनले मनाही गरेन। मृत्युशैयामा परेका श्रीमती थिइन् र निको होस् भनेर प्रार्थनाको बाढी उनले खन्याएका थिए। उनले आफ्नो पुस्तक ग्रीफ अबजर्व्द वा पीडामा ध्यानदिनुको पृ. ६,७मा आफ्नो दुखेसो यसरी पोखाएका थिए, "मैले प्रभुलाई विश्वास गर्न छोडेको वा छोड्न चाहने खतराबाट अलग हुन चाहन्छु भनेको होइन। तर ठूलो खतरा त उहाँ उहाँको बारेमा विकराल वा भयानक सोचबिचारहरूमा पर्नु हो। 'आखिरमा परमेश्वर छैन भन्ने निश्कर्ष मैले निकाल्न चाहेको त होइन तर हाम्रो प्रभु वास्तविकरूपमा दुःख पीडामा पर्नुभएको थियो भनेर थाहा पाएपछि उहाँ कस्तो हुनुहुन्छ भनेर मैले थाहा पाएँ (जो आफू पनि विषम, आततायी र अग्निहोममा पर्नुभएको थियो)।"

जब पीडाको समयमा कोही गुज्रिरहेका छन् भने कतिपयले प्रभुलाई त्याग्छन् (कतिपय समयमा आफूलाई पनि त्याग्छन्। (नेपाल जस्तो कम बिकसित देश होस् वा अमेरिका, जापान, युरोप र चीन जस्ता महान् विकसित देशहरू होस्, समुच्च खोजअनुसुन्धानमा प्रत्येक वर्ष सात लाख मानिसहरू आत्महत्या गर्दछन्। त्यसको अर्थ प्रत्येक ४० सेकेन्ड मानिस आत्महत्या गर्छन् भनेर विश्वस्वास्थ संघले गरेको खोजअनसुन्धानले बताउँदछ)।

हो पीडामा पर्दा सीएस. लिविस जस्ता इसाई नै किन नहुन् प्रभुको बारेमा चित्रण गर्न खतरामा फस्न सक्छन्। अनि प्रभुको बारेमा अनेकौं खराब, गलत धारणाहरू दिमागमा मन्थन गरिरहेको हुन्छ। तर प्रश्न त राप वा अत्याधुक तापमा प्रभुका जन कसरी पर्न सक्छन् त्यो सोच्नु अनिवार्य छ। आफ्नो पुत्रको स्वरूपमा (रोमी ८:२९)मा आफ्ना जनहरूलाई ढाल्न वा उहाँको प्रतिमूर्तिमा ल्याउन कतिको आगो वा रापमा राखेर तिनीहरूलाई जोखिममा पार्न उहाँ राजी हुनुहुन्छ। येशूलाई विश्वास गर्छु भन्ने जो कोही पनि त्यो अत्यन्तै सोचनिय विषयबस्तु हो।

**यस अध्यायको झलकः उहाँलाई चिन्ने, माया गर्ने र निष्ठामा नै अडिग रहनेहरूलाई आततायी अनुभव दिनुभएर आफ्नै चरित्रलाई गलत सम्झने जोखिम प्रभु आफैले किन पार्नुभयो होला? तपाईंलाई उहाँको पुत्रको स्वरूपमा ढाल्ने प्रयास उहाँले गर्नुहुने क्रममा तपाईंले उहाँप्रति गलत सम्झिन मौका दिन पनि उहाँ राजी किन हुनुभयो होला?**

## १. अग्निपरीक्षामा परेको अब्राहम

उत्पत्ति २२ अध्याय पढ्नुहोस्।एक दिन प्रभुले कुनै व्याख्या वा स्पष्टिकरण नै नगरि वा कारण नदेखाइ अचानक अब्राहमलाई बोलाउभयो। आफ्नो हृदयको हिरा बालक इस्सहाकलाई आगोमा होमीदिनु भन्ने निर्देशन उनको दिमागमा बज्र जस्तो प्रभुले फ्याँक्नुभयो। त्यसबेला अब्राहमलाई के भयो होला के तपाईंले सोच्न र बुझ्न सक्नुहुन्छ? तत्कालिन देवीदेवताहरूको माग अनुसार नरबली दिने चलनको परिप्रेक्ष्यमा (इतिहासको विवरण अनुसार नेपालमा प्रचिलत थिए र अहिले पनि नेपाल र भारतमा फाट्टफुट्न नरबलि नचढाएको होइन-२०१५मा नेपाली बालकलाई नरबलि चढाएको थियो भनेर अमेरिकाको सीएनएनले खबर छापेको थियो) पवित्र, सृष्टिकर्ता र प्रेमिलो प्रभुले आफ्नै छोरोलाई बलिदिने निर्देशन अब्राहमको निम्ति कस्तो आततायी र विरोधाभास थियो होला! मूर्तिलाई नरबलि दिने चलन त्यस बेलाको धर्म, सभ्यतासमाजमा (अब्राहम आफू पनि मूर्तिपूजा गर्ने संस्कारबाट आएका थिए) स्वीकार्य भएतापनि इस्सहाककै सन्तानबाट नयाँ जाति खडा हुनेछ भन्ने प्रभुको प्रतिज्ञासँग बाझिएन र? आफ्नो छोरो बिना त्यो महिमित प्रतिज्ञा धरासयी हुने निश्चित थियो।

**प्रभुले नै इस्साहाकलाई नरबलि वा होमबलि गर भन्ने निर्देशन किन दिनुभयो होला? प्रभूलाई भूत, वर्तमान र भविष्य सबै थाहा छ, तैपनि त्यो निर्देशन वयोवृद्ध अब्राहमलाई दिनुको खाँचो के छ? हेर्नुहोस्, "१ केही समयपछि परमेश्वरले अब्राहामको ठूलो जाँच गर्नुभयो, र तिनलाई भन्नुभयो, "हे अब्राहाम।" तिनले भने, "म यहीँ छु।" २ उहाँले भन्नुभयो, "तिम्रो छोरो, अर्थात् तिमीले माया गरेको तिम्रो एउटै छोरो इसहाकलाई लिएर मोरीयाहको देशमा गई मैले तिमीलाई देखाएको डाँड़ामा त्यसलाई होमबलि गर्।" ३ अब्राहाम बिहानै उठेर गधामा काठी कसे, र आफ्ना कमाराहरूमध्येका दुई जना र छोरो इसहाकलाई साथमा लिए, र होमबलिको निम्ति दाउरा चिरेर परमेश्वरले तिनलाई भन्नुभएको त्यस ठाउँमा हिँड़े। ४ तेस्रो दिन अब्राहामले हेर्दा टाढ़ामा त्यो ठाउँ देखे। ५ तब अब्राहामले आफ्ना कमाराहरूलाई भने, "तिमीहरू यहीँ गधासँग बस। म र यो केटो ऊ परसम्म गएर पूजा गरी तिमीहरूकहाँ फर्केर आउनेछौं।" ६ अब्राहामले होमबलिको दाउरा उठाएर आफ्नो छोरो इसहाकलाई बोकाए, र आगो र छुरी आफ्नो हातमा लिए। यसरी ती दुवै जना सँगसँगै गए। ७ इसहाकले आफ्ना पिता अब्राहामलाई भने, "बुबा।" तिनले भने, "के हो, बाबु?" त्यसले**

भन्यो, "यी आगो र दाउरा त छन्, तर होमबलिको थुमाचाहिँ खोइ?" ८
अब्राहामले भने, "छोरा, परमेश्वरले नै होमबलिको निम्ति थुमा जुटाइदिनुहुनेछ।"
अनि ती दुवै सँगसँगै गए। ९ परमेश्वरले तिनलाई भन्नुभएको ठाउँमा पुगेपछि
अब्राहामले त्यहाँ एउटा वेदी बनाएर दाउरा तह लाएर राखे। त्यसपछि तिनले
आफ्नो छोरो इसहाकलाई बाँधेर वेदीमा दाउरामाथि राखे। १० तब अब्राहामले
आफ्नो छोरालाई बलि गर्न छुरी उठाए। ११ तर परमप्रभुका एउटा दूतले
स्वर्गबाट तिनलाई हपारेर भने, "ए अब्राहाम, अब्राहाम!" तिनले भने, "म यहीं
छु।" १२ उनले भने, 'तिम्रो हात त्यस केटामाथि नउठा, र त्यसलाई केही
नगर्। अब मैले थाहा पाएँ तिमी परमेश्वरसँग डराउँदोरहेछौ, किनकि तिम्रो
छोरो, तिम्रो एकमात्र छोरालाई पनि मबाट तिमीले रोकेर राखिनौ।" १३
अब्राहामले माथितिर हेरे र एउटा भेड़ा झाड़ीमा सीङ अल्झेर फसेको देखे।
अब्राहामले गएर त्यस भेड़ालाई ल्याए, र तिनका छोराको सट्टामा त्यसैलाई
होमबलि गरे। १४ यसकारण अब्राहामले त्यस ठाउँको नाउँ "परमप्रभुले
जुटाउनुहुन्छ" राखे। "परमप्रभुको डाँड़ामा जुटाइनेछ" भनी आजपर्यन्त भनिन्छ।
१५ परमप्रभुका दूतले दोस्रो पल्ट स्वर्गबाट अब्राहामलाई कराएर भने, १६
"परमप्रभु भन्नुहुन्छ, 'मैले आफ्नै नाउँमा शपथ खाएको छु, कि तिमीले यो काम
गरेकोले र तिम्रो छोरो, अर्थात् तिम्रो एउटै छोरालाई पनि मबाट नरोकेकोले म
निश्चय नै तिमीलाई आशिष् दिनेछु। १७ तिम्रो सन्तानको वृद्धि गरेर आकाशका
तारा र समुद्र किनारका बालुवासरह म तुल्याउनेछु। तिम्रो तेरा सन्तानले आफ्ना
शत्रुहरूका सहरहरू कब्जा गर्नेछन्। १८ तिम्रो सन्तानद्वारा पृथ्वीका सबै
जातिहरू आशीर्वादी हुनेछन्, किनकि तिमीले मेरो वचन पालन गर्यौ।" १९
त्यसपछि अब्राहाम आफ्ना कमाराहरूकहाँ फर्केर आए, र तिनीहरू उठे र
बेर्शेबासम्म सँगसँगै गए। र अब्राहाम बेर्शेबामा बसोबास गरे। २० केही
बेरपछि "मिल्काले पनि तपाईंका भाइ नाहोरबाट छोराहरू जन्माइन्" भन्ने कुरा
अब्राहामले सुनेः २१ जेठो ऊज, त्यसको भाइ बूज, र आरामका पिता कमूएल,
२२ र केसेद, हजो, पिलदाश, यिदलाप र बतूएल। २३ बतूएलले रिबेकालाई
जन्माए। यी आठै छोरालाई अब्राहामका भाइ नाहोरबाट मिल्काले जन्माइन्।
२४ यीबाहेक रूमा नाउँ भएकी तिनकी भित्रिनीले पनि तेबह, गहम, तहस र
माकालाई जन्माई।" उत्पत्ति २२।

प्रभुले गर्नुभएको आदेश र समय लक्ष्यहिन थिएन। उहाँले अब्राहमको अत्यन्तै गहिरो प्रसव पीडाको क्षणको ठिक हिसाबकिताब गर्नुभएको थियो। "वृद्धावस्थाको भारी अब्राहममा भएको बेलामा प्रभुले उनको निम्ति सुरक्षित राखिएको अग्निज्वालाको परीक्षामा उनलाई खाँडिएका थिए। त्यसैबेला प्रभुमा विश्राम लिन उनले तिब्र चाहना गरेका थिए।"-दिदीमाँ एलेन, *पाट्रियार्क एण्ड प्रोफेटस,* पृ. १४७बाट रूपान्तरित। "जुन आततायी पीडा त्यस भयानक परीक्षाको क्षणहरूलाई अब्राहमलाई अनुभव गर्न दिनुभएको थियो, त्यस्तै खालको पीडा मानिसको मुक्तिको निम्ति आफ्नो पुत्र पठाउनुभएर सनातन, सृष्टिकर्ता प्रभुले गर्नुभएको महान् बलिदानको पीडा उहाँले भोग्नुपर्नेछ भन्ने चित्रण अब्राहमलाई देखाइएको थियो।"- *पाट्रियार्क एण्ड प्रोफेटस,* पृ. १५४बाट रूपान्तरित।

हो, त्यो केवल परीक्षामात्र थियो, अब्राहमको भित्री निष्ठालाई मूल्याङ्कन गर्ने क्षण थियो। आफ्नो छोरोलाई नरबलि दिउन् र न त त्यसको कुनै अर्थ होउन् भन्ने चाहना प्रभुको थियो। कहिलेकाहीँ प्रभुले कसरी काम गर्नुहुन्छ भन्ने सन्देश अब्राहमको अनुभवबाट उल्लेखनीयरूपमा हामीलाई देखाउनुभएको छ। हामीलाई त्यस ठाउँमा जान अऱ्हाउन सक्नुहुन्छ जहाँ त्यस ठाउँमा हामी पुऱ्याउने उहाँको कहिल्यै पनि नियत नहुन सक्छ। प्रभुको निम्ति हाम्रो अन्त्य के भन्ने त्यसको खासै सरोकार उहाँमा छ भन्ने आवश्यक छैन तर त्यस प्रक्रियाबाट हामीहरू नयाँ रूपमा ढालिन सकौँ भन्ने उहाँको चाहना छ। (इसाहकलाई बलि दिने मनाही गरेको प्रभुको आदेशले "म मूर्तिपूजा गरिने अनजान मानिस, बालबालिकहरूको नरबलि खोज्ने र भोकाएको देवता होइन। यथार्थमा म तिम्रो निम्ति म आफै परीक्षामा पारेको छु ताकि तिमीले यो थाहा पाउन् म मरेकाहरूको प्रभु होइन न त हुन न चाहँन्छु न त मलाई मूर्दा धर्मी जनहरूको कुनै काम नै छ। म मरेको बलि होइन मेरो र जनसमाजको निम्ति जिउँदो बलिको आवश्यकता छ (' यसकारण भाइ हो, परमेश्वरको कृपालाई ध्यानमा राखी म तिमीहरूलाई अनुरोध गर्दछु, कि तिमीहरूको आत्मिक उपासनाको रूपमा आ-आफ्ना शरीरलाई पवित्र र परमेश्वरलाई ग्रहणयोग्य हुने जिउँदो बलिको रूपमा अर्पण गर। यस संसारको ढाँचामा नचल, तर आफ्नो मनमा नयाँ भई पूर्ण रूपले परिवर्तित होओ, र परमेश्वरको असल, ग्रहणयोग्य र सिद्ध इच्छा के हो, त्यो तिमीहरूले जाँच्न सक' (रोमी १२:१-२)। प्रभुलाई

मुर्दा इसाईको आवश्यक छैन तर जीवित, सक्रिय, जाँगरिलो, आत्माले प्रेरित गरिरहेको येशूभक्तको आवश्यक छ-अनुवादकको थप बिचार)।

जब यहूदीहरूलाई अब्राहमको बारेमा याद दिलाउँदै सम्बोधन गर्नुहुँदा येशूले उनको अनुभवलाई औंल्याएको हुनुपर्दछ, "तिमीहरूका पुर्खा अब्राहाम मेरो दिन देख्नलाई प्रफुल्लित भएका थिए, र तिनले देखे अनि रमाए।" यूहन्ना ८:५६। प्रभुले आदेश दिँदा यो त सैतानको हो, अरू देविदेवताको आवाज हो। यो त दुष्ट आत्माको आवाज हो भनेर अब्राहमले अनेकौं तर्क गर्न खोज्न सक्थ्यो होला र प्रभुप्रतिको अगाढ निष्ठा जनाउने क्षण पनि उनले गुमाउँथ्यो होला। तर अब्राहमलाई जियाइ राख्ने मूल तत्व नै उहाँको आवाजको पूरा प्रक्रियालाई बुझ्ने कलाको विकास उनमा हुनु थियो।

**यस संसारमा अनेकौं मानिसहरूको, चाहे देवीदेवता र धर्म तथा दर्शनहरूको आवाज हुरी बतास जस्तै बगिरहेको छ। त्यस परिवेशमा तपाईं आफैले तपाईंलाई बोलेको वचन वा आवाज प्रभुको नै हो भनेर कसरी ठम्याउने? प्रभुले तपाईंसँग नै कुरा गरिरहनुभएको छ भनेर कसरी विश्वस्त हुने? यथार्थमा आवाजबाटमात्र होइन, उहाँले कुन कुन उपाय, माध्यम र प्रक्रिया प्रभुले तपाईंसँग संवाद जारी राख्नुहुन्छ र जारी राख्न चाहना गर्नुहुन्छ?**

## २. बाटो विराएका इस्राएली जाति जन

अगमवक्ता होशेको कथाले हामीलाई अत्यन्तै प्रभावशाली र प्रभाकारी उल्लेखनीय पाठहरू सिकाउँदछन्। प्रभुको अगमबक्ता वा प्रवक्ता होशेको परिस्थिति असाधारण र विशेषत उल्लेखनीय थियो। उनकी श्रीमती गोमर अर्कै मानिससँग पोइलो जान्छिन्। त्यस मानिसबाट उनका छोरोछोरीहरू पनि हुन्छन्। उनी वेश्या नै भएतापनि र आफ्नो श्रीमानसँग शारीरिरकरूपमा विश्वासघातै गरेतापनि, प्रभुले गोमरलाई आफ्नै घरमा फर्काऊ भनेर होशेलाई अर्हाउनुहुन्छ। गोमरले होशेलाई माया गर्छिन् वा गर्दिनन् त्यसको खास सरोकार नराखि आफूले उनलाई पूर्णरूपम माया गर्छु भन्ने प्रत्याभूति दिनु भनेर प्रभुले होशेलाई आज्ञा गर्नुहुन्छ। यो घट्ना भयो वा भएन भन्ने कुरा आफ्नै ठाउँमा छ तर यो प्रभु र इस्राएलीहरूको बीचमा भइरहेको सम्बन्धको अर्तिकथा थियो। इस्राएलीहरूले प्रभुलाई त्यागे। स्थानीय मूर्तिय देवीदेवताहरूको संस्कृति, परम्परा, चलन र संस्कारको पछि लागेर इस्राएलीले आत्मिकरूपमा वेश्यावृत्ति गरेका थिए। तैपनि प्रभुले तिनीहरूलाई अझै पनि

माया गर्नुहुन्थ्यो। तिनीहरूले प्रभुप्रति गद्दारी गरेतापनि, जतिसुकै चित्त दुखाएर उहाँको मायालाई त्यागेतापनि उहाँले तिनीहरूलाई त्याग्नुहुन्न, त्याग्न चाहनुहुन्छ र माया गरिनै रहनुहुन्छ भन्ने देखाउन चाहनुभएको थियो। तर प्रभुले कस्तो प्रक्रिया चाल्नुभएर आफ्नो मार्मिक भावना देखाउनुभएको थियो!

यो मामिला होशे २:१-१२मा छ। इस्राएलीहरूलाई आफूतिर कुन तरिकाहरूद्वारा तान्नुहुनेछ भनेर ती पदहरूमा उल्लेख गरिएका छन्? ती तरिकाहरू कस्तो थियो होला? हेर्नुहोस्, " १ "तिमीहरू आफ्ना भाइहरूलाई 'मेरा मानिसहरू' र बहिनीहरूलाई 'मेरा प्रिय' भन। २ "आफ्नी आमालाई हप्काओ, त्यसलाई हप्काओ, किनकि त्यो मेरी पत्नी होइन, र म त्यसको लोग्ने होइनँ। त्यसले आफ्नो अनुहारबाट व्यभिचारीको रूप र आफ्नो स्तनहरूका बीचबाट विश्वासघातलाई हटाओस्, ३ नत्रता म त्यसका लुगाहरू उतारेर त्यो जन्मेको दिनमा जस्तै त्यसलाई नाङ्गै पार्नेछु, र खडेरी परेको मरुभूमिजस्तै बनाइदिनेछु र तिर्खाले मार्नेछु। ४ त्यसका छोराछोरीहरूमाथि पनि म टिठ्याउनेछैनँ, किनकि तिनीहरू व्यभिचारका सन्तान हुन्। ५ तिनीहरूकी आमाले विश्वासघात गरेकी छ र तिनीहरूलाई अपमानमा गर्भधारण गरेकी छ। त्यसले भनी, 'मेरा प्रेमीहरूका पछि म लाग्नेछु, जसले मलाई मेरो अन्नपानी, ऊन, सूती कपड़ा, तेल र दाखमद्य दिन्छन्'। ६ यसकारण काँढ़े झाँगले त्यसको बाटो म रोकिदिनेछु, र त्यसलाई पर्खालभित्र थुनिदिनेछु र त्यसले बाटो पाउनेछैन। ७ त्यो आफ्ना प्रेमीहरूका पछिपछि कुद्नेछ, तर त्यसले तिनीहरूलाई भेट्टाउनेछैन। त्यसले तिनीहरूलाई खोज्नेछ, तर तिनीहरूलाई पाउनेछैन। तब त्यसले भन्नेछे, 'म मेरा पहिलेकै लोग्नेकहाँ फर्केर जानेछु, किनकि त्यस बेला मेरो अवस्था अहिलेको भन्दा असल थियो'। ८ मैले नै त्यसलाई अन्न, नयाँ दाखमद्य र तेल दिएको थिएँ, र मैले नै त्यसमाथि सुन र चाँदी खन्याएको थिएँ भन्ने कुरा त्यसले मानिलिइन– जुन तिनीहरूले बाल देवताको निम्ति प्रयोग गरे। ९ "यसकारण अन्न पाक्दा मेरो अन्न, र नयाँ दाखमद्य तयार हुँदा मेरो दाखमद्य म लगिहाल्नेछु। अनि त्यसको नग्नतालाई ढाक्ने मेरो ऊन र सूती कपड़ा खोसेर लैजानेछु। १० अब म त्यसकै प्रेमीहरूका नजरको सामु त्यसको छाड़ापन उघार्नेछु, र कसैले त्यसलाई मेरो हातबाट छुटाउनेछैन। ११ म त्यसका सबै उत्सवहरू, त्यसका औंसीका चाड़हरू, त्यसका सबै शबाथदिनहरू र त्यसका सबै ठहराएका भोजनहरू रोकिदिनेछु। १२ म त्यसका दाखका बोट र त्यसका अञ्जीरका रूखहरू उजाड़ पारिदिनेछु। तिनका विषयमा त्यसले भनेकी छ, 'यी

मेरा प्रेमीहरूले दिएका मेरा ज्याला हुन्'। म ती बोटहरूलाई एउटा झाड़ी तुल्याइदिनेछु, र वनजन्तुहरूले ती खाइहाल्नेछन्।"

होशे २:२,३ "आफ्नी आमालाई हप्काओ, त्यसलाई हप्काओ, किनकि त्यो मेरी पत्नी होइन, र म त्यसको लोग्ने होइनँ। त्यसले आफ्नो अनुहारबाट व्यभिचारीको रूप र आफ्नो स्तनहरूका बीचबाट विश्वासघातलाई हटाओस्, ३ नत्रता म त्यसका लुगाहरू उतारेर त्यो जन्मेको दिनमा जस्तै त्यसलाई नाङ्गै पार्नेछु, र खड़ेरी परेको मरुभूमिजस्तै बनाइदिनेछु र तिर्खाले मार्नेछु।"

होशे २:५-७ "तिनीहरूकी आमाले विश्वासघात गरेकी छ र तिनीहरूलाई अपमानमा गर्भधारण गरेकी छ। त्यसले भनी, 'मेरा प्रेमीहरूका पछि म लाग्नेछु, जसले मलाई मेरो अन्नपानी, ऊन, सूती कपड़ा, तेल र दाखमद्य दिन्छन्'। यसकारण काँढ़े झाँगले त्यसको बाटो म रोकिदिनेछु, र त्यसलाई पर्खालभित्र थुनिदिनेछु र त्यसले बाटो पाउनेछैन। त्यो आफ्ना प्रेमीहरूका पछिपछि कुद्नेछ, तर त्यसले तिनीहरूलाई भेट्टाउनेछैन। त्यसले तिनीहरूलाई खोज्नेछ, तर तिनीहरूलाई पाउनेछैन। तब त्यसले भन्नेछे, 'म मेरा पहिलेकै लोग्नेकहाँ फर्केर जानेछु, किनकि त्यस बेला मेरो अवस्था अहिलेको भन्दा असल थियो'।"

होशे २:८,९ "मैले नै त्यसलाई अन्न, नयाँ दाखमद्य र तेल दिएको थिएँ, र मैले नै त्यसमाथि सुन र चाँदी खन्याएको थिएँ भन्ने कुरा त्यसले मानिलिइन– जुन तिनीहरूले बाल देवताको निम्ति प्रयोग गरे। "यसकारण अन्न पाक्दा मेरो अन्न, र नयाँ दाखमद्य तयार हुँदा मेरो दाखमद्य म लगिहाल्नेछु। अनि त्यसको नग्नतालाई ढाक्ने मेरो ऊन र सूती कपड़ा खोसेर लैजानेछु।"

होशे २:१० "अब म त्यसकै प्रेमीहरूका नजरको सामु त्यसको छाड़ापन उघार्नेछु, र कसैले त्यसलाई मेरो हातबाट छुटाउनेछैन।"

हामीलाई पश्चाताप गराउन र हाम्रा पापहरूको ज्यादतिलाई पर्दाफास गर्न प्रभुले कुन तरिकाहरू हाम्रो जीवनमा आउन दिनुहुन्छ भन्ने दुई विषयबस्तुहरूलाई हाम्रो माझ प्रस्तुत गरिएको छ। पहिलो त, हाम्रो माझमा प्रभुले काम गरिरहुनभएको छ भन्ने कुरालाई महसुस गर्दनौं, त्यसले कतिपय समयमा हामी आफैले आफैलाई खतरामा पार्दछौं। जब इस्रायलीहरू कठिन र पीडादायी परिस्थितिहरूमा गुज्रिरहेका थिए तब तिनीहरूको उद्धारको निम्ति प्रभुले काम गरिरहनुभएको थियो भन्ने कुरो स्वीकार गर्न पुगेका थिए। जब हामी काँडैकाँडो तारले घेरिन्छौं र हाम्रा बाटोहरूमा अनेकौं बाधाहरू खडा

हुन्छन् तब हामी कहाँ गइरहेकाछौं त्यो हामीलाई थाहा हुन्दैन (होशे २:६)। के हाम्रो माझमा प्रभु हुनुहुन्छ? जब हाम्रा आधारभूत आवश्यकताहरू भत्किन्छ र हामी लाजमर्दो अवस्थामा हुन्छौं तब परमपिता परमेश्वर कहाँ हुनुहुन्छ त भनेर सोध्छौं। तर एउटा सत्यलाई आत्मसात् गरिराख्नु जरुरी छः हामी जेसुकै भावनाहरूमा होमिनुपरेतापनि हामी पश्चाताप गरेर उहाँकहाँ आउन् भनेर उहाँ सधैं काम गरिरहनुभएको हुन्छ किनभने उहाँले हामीलाई धेरै प्यार गर्नुहुन्छ।

दोस्रोमा, प्रभु काम गरिरहनुभएको छ भनेर बिर्सने बानीले हामीलाई सताउन सक्दछ र त्यो हाम्रो निम्ति जोखिमपूर्ण भावना हो। प्रभु काम त गरिरहनुभएको छ तर उहाँले जे गर्नुहुन्छ सो हामीलाई पटक्कै मन पर्दैन भन्ने भावनामा हामी पर्न सक्दछौं। जब हामीलाई चित्त दुःखिरहन्छ, लाजमर्दो स्थितिमा हामी पर्दछौं र पीडामा हुन्छौं तब प्रभु कतिको निर्दयी हुनुहुन्छ भनेर उहाँलाई आरोप पनि लगाउन सक्दछौं। यस्तो बेलामा पनि उहाँले हस्तक्षेप गर्नुभएन कस्तो वेवास्ता गर्ने प्रभुलाई हामीले सेवा गरिरहेकाछौं भनेर उहाँतिर विद्रोहको ज्वाला पनि हामी फैंक्दछौं। तर उहाँको प्रेमको करारलाई पुनर्जीवित वा नौलो बनाइराख्न उहाँ सधैं सक्रिय भइरहुनुभएको छ भनेर बाइबलले खुलस्त गर्दछ।

**प्रभुको बारेमा होशे २:१४-२३ले के भन्छ? तपाईंको जीवनको कुन पक्षहरूले तपाईं उहाँबाट भागिरहनभएको छ सो देखाउन पवित्र आत्मासँग प्रार्थना गर्नुहोस्। यदि तपाईं ठिक बाटोमा छैन भनेर स्वीकार गर्नुहुन्छ भने तपाईं अग्निवाणमा किन पर्न चाहनुहुन्छ? जब तपाईं अहिले नै तपाईंको जीवन उहाँलाई अर्पण गरिरहनुभएको छ भने तपाईंको अनुभव कस्तो भइरहेको छ? हेर्नुहोस् " १४ "यसैकारण अब म त्यसलाई फकाएर मरुभूमिमा लानेछु, र त्यससित मायालु कुरा गर्नेछु। १५ त्यहाँ म त्यसलाई त्यसका दाखबारीहरू फिर्ता गर्नेछु, र आकोरको* बेंसीलाई चाहिँ आशाको ढोका तुल्याइदिनेछु। त्यहाँ त्यसले आफ्नो युवावस्थाका दिनमा जस्तै र मिश्रदेशबाट आएको दिनमा झैं गीत गाउनेछ। १६ परमप्रभु घोषणा गर्नुहुन्छ, "त्यस दिन तैंले मलाई 'मेरा लोग्ने' भन्नेछस्, र 'मेरा मालिक' भन्नेछैनस्। १७ म बाल देवताहरूका नाउँ त्यसको मुखबाट हटाइदिनेछु, र तिनीहरूका नाउँको उच्चारण फेरि कहिल्यै हुनेछैन। १८ त्यस दिन म तिनीहरूका निम्ति वनका पशुहरू र आकाशका पन्क्षीहरू र जमिनमा घस्रने जन्तुहरूसित करार बाँध्नेछु। म धनु, तरवार र लड़ाइँ देशबाट दूर गरिदिनेछु, कि सबै सुरक्षासाथ लेट्न सकून्। १९ म तँलाई सधैंको निम्ति**

मेरी पत्नी तुल्याउनेछु। म धार्मिकता र न्यायमा दृढ़ प्रेम र माया गरेर तँलाई पत्नी तुल्याउनेछु। २० म तँलाई ईमानदारीमा मेरी पत्नी तुल्याउनेछु, र तैंले परमप्रभुलाई चिन्नेछस्।" २१ परमप्रभु भन्नुहुन्छ, "त्यस दिन म आकाशलाई जवाफ दिनेछु, र आकाशले पृथ्वीलाई जवाफ दिनेछ। २२ पृथ्वीले अन्न, दाखमद्य र तेललाई जवाफ दिनेछ, अनि तिनीहरूले यिजरेललाई* जवाफ दिनेछन्। २३ म मेरो आफ्नो निम्ति म त्यसलाई भूमिमा रोप्नेछु। जसलाई मैले "प्रिय नभएकी" भनेको थिएँ, त्यसलाई म दया देखाउनेछु। जसलाई मैले "तिमीहरू मेरा प्रजा होइनौ"* भनेको थिएँ, तिनीहरूलाई म "मेरा प्रजा" भन्नेछु। अनि तिनीहरूले भन्नेछन्, 'तपाईं हाम्रा परमेश्वर हुनुहुन्छ'।"

## ३. आराधनाद्वारा जीवितरहने कला वा खुबी

अय्यूब जस्तो प्रभुको निष्ठामा अडिग रहने त भयानक कष्ट भोग्न वाध्य भए। उनलाई के कारणले कष्ट मिलेको थियो? हेर्नुहोस्: " १ ऊज देशमा अय्यूब नाउँ भएका एक जना मानिस बस्दथे। तिनी निर्दोष र सोझो जीवन बिताउँथे। तिनी परमेश्वरसँग डराउँथे र दुष्टताबाट अलग बस्थे। २ तिनका सात छोरा र तीन छोरी थिए। ३ तिनका सात हजार भेड़ा, तीन हजार ऊँट, पाँच सय हल गोरु र पाँच सय गधाबाहेक धेरै कमारा-कमारीहरू पनि थिए। पूर्वका सबै मानिसहरूमध्ये अय्यूब सबैभन्दा महान् थिए। ४ तिनका छोराहरूले पालैसित आफ्नो घरमा भोज राख्थे र आफ्ना तीन बहिनीहरूलाई खानपिनका लागि आफ्ना तीन बहिनीलाई निम्त्याउँथे। ५ भोज दिने क्रम सिद्धिएपछि अय्यूबले आफ्ना छोराछोरीहरूलाई बोलाएर शुद्ध बनाउने गर्थे। तिनी बिहान सबेरै उठी तिनीहरू प्रत्येकको निम्ति यो विचारले एउटा-एउटा होमबलि चढाउथे, "शायद मेरा छोराछोरीले पाप गरे होलान् र परमेश्वरलाई आफ्ना हृदयमा सरापे होलान्।" अय्यूब सधैं यसै गर्थे। ६ एक दिन स्वर्गीय दूतहरू* परमप्रभुको सामुन्ने उपस्थित हुँदा शैतान* पनि तिनीहरूसँग आयो। ७ परमप्रभुले शैतानलाई सोध्नुभयो, "तँ कहाँबाट आईस्?" त्यसले भन्यो, "पृथ्वीमा चारैतिर घुमफिर गर्दै आएको हुँ।" ८ तब परमप्रभुले शैतानलाई सोध्नुभयो, "के तैंले मेरो दास अय्यूबलाई याद गरिस्? परमेश्वरको डर राख्ने र दुष्ट कामबाट अलग रहने त्यो जस्तो निर्दोष र सोझो मानिस पृथ्वीमा अरू कोही छैन।" ९ शैतानले परमप्रभुलाई यसो भनेर जवाफ दियो, "अय्यूबले त्यसै परमेश्वरको डर राखेका हुन् त?" १० के तिनलाई, तिनका घराना र तिनका सबै धन-सम्पत्तिलाई

तपाईंले चारैतिरबाट बार हालेर रक्षा गर्नुभएको छैन? तिनका सबै काममा तपाईंले आशिष् दिनुभएको छ, अनि तिनका गाईबस्तुहरू देशभरि अनगन्ती बढ़ेका छन्। ११ तर आफ्नो हात पसारेर तिनका सबै चीजमाथि प्रहार गर्नुहोस्, र तिनले तपाईंलाई तपाईंकै मुखको सामुन्ने सराप्नेछन्।" १२ तब परमप्रभुले शैतानलाई भन्नुभयो, लौ त, त्यसकहाँ जे-जति छन्, सबै तेरै हातमा भयो। केवल अय्यूबको शरीरलाई चाहिँ नछो।" तब शैतान परमप्रभुको उपस्थितिबाट निस्केर गयो। १३ एक दिन अय्यूबका छोराछोरीहरू आफ्ना जेठा दाजुको घरमा खानपिन गर्दैथिए। १४ एउटा समाचारवाहक कुदेर अय्यूबकहाँ आएर भन्यो, १५ "गोरुहरू जोतिरहेका र गधाहरू तिनीहरूका नजिकै चरिरहेकै बेला शबीहरूले गोठालाहरूलाई आक्रमण गरेर मारे, र ती सबै लगे। अनि तपाईंलाई समाचार दिन म मात्र उम्कें।" १६ त्यो बोल्दाबोल्दै अर्को समाचारवाहक आइपुग्यो। त्यसले भन्यो, "परमेश्वरको अग्नि स्वर्गबाट झरेर भेड़ाहरू र गोठालाहरूलाई भस्म पार्‍यो। अनि तपाईंलाई समाचार दिन म मात्र उम्कें।" १७ त्यो बोल्दाबोल्दै अर्को एक जना आएर भन्यो, "कल्दीहरूले छापा मार्ने तीन दल बनाए र तपाईंका ऊँटहरू आक्रमण गरी लगे। तिनीहरूले नोकरहरूलाई मारे र तपाईंलाई समाचार दिनलाई म मात्र उम्कें।" १८ त्यो मानिस बोल्दाबोल्दै एक जना आइपुग्यो र भन्यो, "तपाईंका छोराछोरीहरू आफ्ना जेठा दाजुको घरमा खानपान गर्दैथिए। १९ त्यसै बेला मरुभूमिबाट अचानक आँधीबेहरी आएर घरको चारै कुनामा हान्यो र त्यो घर ती जवान मानिसहरूमाथि ढलेर तिनीहरू सबैलाई थिचेर मार्‍यो। अनि समाचार दिन म मात्र उम्कें।" २० यो सुनेर अय्यूब उठे, र तिनले आफ्नो लुगा च्याते। तिनले आफ्नो कपाल खौरे, २१ र भूइँमा घोप्टो परेर दण्डवत् गरी भने, "म आफ्नी आमाको गर्भबाट नाङ्गै आए, अनि म नाङ्गै फर्केर जानेछु। परमप्रभुले दिनुभयो अनि परमप्रभुले लानुभयो, परमप्रभुको नाउँ धन्यको होस्।" २२ यी सबै कुरामा अय्यूबले परमेश्वरलाई गलत कामको दोष लगाएर पाप गरेनन्।" अय्यूब १ र " १ अर्को एक दिन स्वर्गदूतहरू परमप्रभुको सामुन्ने उपस्थित हुँदा शैतान पनि आफूलाई उहाँको अगाड़ि उपस्थित गराउन तिनीहरूसँगै गयो। २ अनि परमप्रभुले शैतानलाई सोध्नुभयो, "तँ कहाँबाट आईस्?" त्यसले भन्यो, "पृथ्वीमा चारैतिर घुमफिर गर्दैआएको हुँ।" ३ तब परमप्रभुले शैतानलाई भन्नुभयो, "के तैंले मेरो दास अय्यूबलाई याद गरिस्? परमेश्वरसँग डर राख्ने र दुष्ट कामबाट अलग रहने त्योजस्तो निर्दोष र सोझो मानिस पृथ्वीमा अरू कोही छैन।

विनाकारण त्यसलाई नाश गर्नलाई तैंले मलाई उस्काइस्। तर त्यसको निष्ठा अझसम्म ढलपल भएको छैन।" ४ शैतानले परमप्रभुलाई जवाफ दियो, "चामको साटो चाम। आफ्नो ज्यान बचाउन मानिसले आफूसँग भएका सबै कुरा दिँदैन र? ५ आफ्नो हात पसारेर तिनको शरीरमा चोट पुऱ्याउनुहोस् अनि तिनले तपाईंको मुखकै सामुन्ने तपाईंलाई सराप्नेछन्।" ६ तब परमप्रभुले शैतानलाई भन्नुभयो, "लौ त, त्यसो भए त्यो तेरो हातमा छ। तर त्यसको ज्यानचाहिँ छोड़िदे।" ७ तब शैतान परमप्रभुको सामुन्नेबाट निस्क्यो। त्यसले अय्यूबको पैतालादेखि टाउकोसम्म कष्टप्रद खटिरा उब्जाइदियो। ८ खरानीमा बसेर कन्याउनलाई तिनले एउटा फुटेको माटोका भाँड़ाको टुक्रा लिए। ९ तिनकी पत्नीले तिनलाई भनिन्, "के तपाईं आफ्नो निष्ठामा अझै अड़ी नै रहनुहुन्छ? परमेश्वरलाई सराप्नुहोस् र मर्नुहोस्।" १० अय्यूबले जवाफ दिए, "तिमी एक मूर्ख स्त्री जस्तै कुरा गर्दछ्यौ। परमेश्वरबाट हामीले सुखचाहिँ ग्रहण गर्ने र दुःख ग्रहण नगर्ने?" यी सबै कुरामा आफूले बोलेको कुरामा अय्यूबले पाप गरेनन्। ११ अय्यूबका तीन जना मित्र, एलीपज तेमानी, बिल्दद शुही र सोपर नमातीले तिनीमाथि आइपरेका यी विपत्तिका कुरा सुनेपछि सहानुभूति प्रकट गर्न र तिनलाई ढाड़स दिन आफ्ना आफ्ना घरबाट सँगै मिलेर आए। १२ तिनीहरूले तिनलाई टाढ़ैबाट देखे, तर चिन्न सकेनन्। तिनीहरू चिच्च्याएर रोए, अनि आफ्ना लुगा च्यातेर आफ्ना शिरमा धूलो छरे। १३ तब तिनीहरू सात दिन सात रात भूईँमा तिनको छेउमा बसे। अनि तिनीहरूमध्ये कसैको मुखबाट एक शब्द पनि निस्केन, किनभने तिनीहरूले देखे उनको कष्ट कति ठूलो थियो।" अय्यूब २।

**यहाँ** एउटा अचम्म लाग्दो परिवेश खुला गरिएको छ। स्वर्गदूतहरू प्रभुलाई भेट्न आए र तिनीहरूको साथमा सैतान पनि आयो रे! प्रभुले सैतानलाई कहाँबाट आएको हो भनेर सबैको सामु सोध्नुभयो। सैतानले पृथ्वी आफ्नो मातहतमा छ भनेर चुनौति दिँदै प्रभुलाई यसरी जवाफ दिन आँट पनि गऱ्योः "परमप्रभुले शैतानलाई सोध्नुभयो, "तँ कहाँबाट आईस्?" त्यसले भन्यो, "पृथ्वीमा चारैतिर घुमफिर गर्दै आएको हुँ।" अय्यूब १:७। अनि प्रभुले उसमाथि प्रश्न राख्नुहुन्छ "तब परमप्रभुले शैतानलाई सोध्नुभयो, "के तैंले मेरो दास अय्यूबलाई याद गरिस्? परमेश्वरको डर राख्ने र दुष्ट कामबाट अलग रहने त्यो जस्तो निर्दोष र सोझो मानिस पृथ्वीमा अरू कोही छैन।" अय्यूब १:८। प्रश्न आफै विशेषत वा उल्लेखनीय त छैन, तर त्यो प्रश्न गर्नुभएको को

थियो त्योचाहीं कौतूहलको कुरा थियो। कसको परीक्षा गर्ने भनेर सैतानले प्रस्ताव गरेको होइन तर प्रभुले पो अय्यूबलाई जाँच्न सैतानलाई उक्सउनुहुन्छ। जे हुने थियो त्यो सबै कुरा थाहा पाएर नै प्रभुले सैतानको ध्यान अय्यूबतिर लगाइदिनुहुन्छ। तल पृथ्वीमा उनको जीवन कस्तो आगोका ज्वालामा पर्ने रहेछ भन्ने कुरा उनलाई त केही थाहा नै थिएन। अय्यूबको सारा दुःख प्रभुले होइन सैतानले नै ल्याएको थियो भन्ने कुरो स्पष्ट छ। तर प्रभुले नै सैतानलाई स्पष्ट अनुमति दिनुहुन्छ कि उनका सबै धनसम्पत्ति, जायजेठा, पशुबलीहरू, उनका छोराछोरीहरू र उनकै भौतिक शरीरलाई नाश गरोस्। यदि प्रभुले नै अय्यूबलाई दुःख दिन अनुमति दिनुभएको थियो भने उनको कष्ट प्रभुले दिनुभएको होकि वा सैतानले व्यक्तिगतरूपमा प्रहार गरेको त्यसमा खास फरक के छ र? प्रभु धर्मी, न्यायप्रेमी, पवित्र र मायालु हुनुन्छ भने उहाँले सैतानलाई किन त्यस्तो गर्न अनुमति दिनुभएको थियो? के त्यो त्यस विशेष मामिलामात्र हो कि अहिले हाम्रो जीवनमा प्रभुले काम गर्ने प्रबृत्ति हो?

**अय्यूबले आफ्नो अग्निपरीक्षालाई कसरी सम्बोधन गर्छन्? " यो सुनेर अय्यूब उठे, र तिनले आफ्नो लुगा च्याते। तिनले आफ्नो कपाल खौरे, र भूइँमा घोप्टो परेर दण्डवत् गरी भने, "म आफ्नी आमाको गर्भबाट नाङ्गै आए, अनि म नाङ्गै फर्केर जानेछु। परमप्रभुले दिनुभयो अनि परमप्रभुले लानुभयो, परमप्रभुको नाउँ धन्यको होस्।" अय्यूब १:२०-२१।**

यस्तो महाकष्टलाई दुई तरिकाहरूले जवाफ दिन सक्छ। हामी शोकित, निराशित, तितोपना, रिस र क्रोधले ग्रसित भएर प्रभुप्रतिको विश्वासै छोडेर नास्तिक भएर उहाँको विरोध गर्न पुग्न सक्दछौं। प्रभुको अस्तित्वछैन यदि छ भने उहाँ निर्दयी, निष्ठुर हुनुहुन्छ भनेर सिकाउने पनि हुनसक्छौं। वा उहाँसँग बलियो भएर उहाँलाई पकडी पनि राखिरहनुसक्छौं आफ्नो भयाभव परिस्थितिको सामना गर्न अय्यूबले उनी प्रभुकै उपस्थितिम रहन्छन् र उहाँको आराधना गर्दछन्।

अय्यूब १:२०,२१मा अय्यूब पीडामा परेको बेलामा सहयोग गर्न आराधनाका तीन पक्षहरू उपयोग गरेका थिए भनेर उल्लेख गरिएको छ। पहिलो त, आफ्नो असहाय  वा नीरहतालाई स्वीकार गर्दछन् र आफूले केही गर्न नसक्ने, र जे भयो त्यसमा आफू संलघ्न नभएको दावी गर्दछन्: "भूइँमा घोप्टो परेर दण्डवत् गरी भने, "म आफ्नी आमाको गर्भबाट नाङ्गै आए, अनि म

नाङ्गै फर्केर जानेछु। परमप्रभुले दिनुभयो अनि परमप्रभुले लानुभयो, परमप्रभुको नाउँ धन्यको होस्।" अय्यूब १:२१। दोस्रोमा जेभएतापनि सबै थोकहरू प्रभुकै हातमा छ भनेर उनले स्वीकार्दछन्" परमप्रभुले दिनुभयो अनि परमप्रभुले लानुभयो, परमप्रभुको नाउँ धन्यको होस्।" अय्यूब १:२१। तेस्रोमा, प्रभुको न्यायशीलता र धार्मिकतामा प्रतिवद्धता जनाउँछन, "परमप्रभुको नाउँ धन्यको होस्।" अय्यूब १:२१।

**के तपाईं दुःख, कष्ट र परीक्षामा परिरहनुभएको छ? अय्यूबले चालेका तीन कदमहरू पछ्याउनुहोस्। तिनीहरूले तपाईंलाई कस्तो सहयोग गर्न सक्छ होला?**

## ४. आशाद्वारा जीवित रहनु

**"५ किनकि जसरी हामी ख्रीष्टका कष्टमा प्रशस्त गरी सहभागी हुन्छौ, त्यसरी नै ख्रीष्टद्वारा सान्त्वनामा पनि प्रशस्त मात्रामा हामी सहभागी हुन्छौं। ६ हामीले दुःख पायौं भने यो तिमीहरूका सान्त्वना र उद्धारको निम्ति हो। हामीले सान्त्वना पायौं भने पनि त्यो तिमीहरूका सान्त्वनाको निम्ति हो। हामीले भोगेका त्यही दुःखहरू तिमीहरूले धैर्यसाथ सहँदा तिमीहरू पनि त्यही सान्त्वना अनुभव गर्छौं। ७ तिमीहरूका निम्ति हाम्रो आशा दृढ छ। किनकि हामी जान्दछौं, कि जसरी तिमीहरू हाम्रा दुःखमा सहभागी छौ, त्यसरी नै हाम्रो सान्त्वनामा पनि तिमीहरू सहभागी हुनेछौ। ८ भाइ हो, हामीले एशियामा भोगेका दुःखको विषयमा तिमीहरू अजान रहो भन्ने हामी चाहँदैनौं। किनभने हामी सहन नसक्ने किसिमले यति साह्रो मिचिएका र दविएका थियौं, कि जीवनदेखि हामीले हरेस खाइसकेका थियौं। ९ हामीलाई त मृत्युदण्ड नै पाएझैं लागेको थियो। हामी आफैमाथि होइन तर मृतकहरूलाई जीवन दिई उठाउनुहुने परमेश्वरमाथि हामी भर परौं भनेर यो हुन आयो। १० उहाँले हामीलाई यस्तो भयानक जोखिमबाट छुटाउनुभयो, अनि उहाँले हामीलाई छुटाउनुहुनेछ। उहाँमाथि नै हामीले हाम्रो भरोसा राखेका छौं, कि उहाँले हामीलाई फेरि पनि छुटाउनुहुनेछ। ११ तिमीहरूले पनि प्रार्थनाद्धारा हामीलाई सहायता गर्नैपर्छ। तब धेरै प्रार्थनाको प्रत्युत्तरमा हामीलाई प्राप्त भएको आशिष्को निम्ति धेरैले हाम्रा पक्षमा धन्यवाद चढ़ाउनेछन्।" २ कोरिन्थी १:५-११।**

इसाई जगतको सुरुदेखिनै करोडौं विश्वासीहरू, जुनसुकै सम्प्रदायका किन नहोस्, असह्य पीडा भोगेका थिए र भोगिपनि रहेकाछन्। पावलले पनि

असह्य पीडाहरू खप्नु परेको थियो। सुसमाचार प्रचारको निम्ति प्रभुले नै व्यक्तिगतरूपमा चुनिनुभएको र नियुक्ति गर्नुभएको पावलको दुःखकष्ट अत्यन्तै कहालीलाग्दो थियो। पावललाई दवाएको थियो, पेलान गरेको थियो तैपनि उनी चक्नाचुर भएन। तर प्रभुलाई प्रशंसा गर्ने काममा उनी झन झन उत्तेजित भएको थियो। उनको दुःख, यातना र कतिपयसमयमा इसाई भनाउँदा आफ्नोमात्र भाऊ खोज्नेहरूले दिएको यातना २ कोरन्थी ११:२३-२९मा यसरी वर्णन गर्दछन् " २२ के तिनीहरू हिब्रू हुन्। म पनि हुँ। के तिनीहरू अब्राहामका सन्तान हुन्? म पनि हुँ। २३ के तिनीहरू ख्रीष्टका सेवक हुन्? म अझ असल सेवक हुँ– पागलझैं म बोलिरहेछु। मैले ज्यादै परिश्रम गरें। कैदमा अझ धेरै पल्ट परें। अनगिन्ती कोर्रा खाएँ। मृत्युको मुखमा बारम्बार परें। २४ पाँच पल्ट मैले यहूदीहरूका हातबाट एक कम चालीस गरी कोर्रा खाएँ। २५ तीन पल्ट मलाई लौराले पिटे। एक पल्ट ढुङ्गाले हाने। तीन पल्ट म चढ़ेको जहाज ध्वस्त भयो। एक दिन एक रात मैले समुद्रमा नै बिताएको छु। २६ मेरो बारम्बारको यात्रामा म नदीहरूका जोखिममा परें, डाँकूहरूका जोखिममा, आफ्नै जातिका मानिसहरूका जोखिममा, अन्यजातिहरूका जोखिममा, सहरको जोखिममा, उजाड-स्थानको जोखिममा, समुद्रको जोखिममा, झूटा भाइहरूबाट आउने जोखिममा। २७ परिश्रममा र कष्टमा, कति-कति अनिदो रातमा, भोक र प्यासमा, बारम्बार उपवासमा, ठन्डी र नग्नतामा परें। २८ अनि अरू कुराहरूबाहेक सबै मण्डलीहरूका फिक्रीको बोझ ममाथि छ। २९ को दुर्बल छ र मचाहिँ छैनँ? को पापमा फसाइएको छ र मचाहिँ व्याकुल हुँदिनँ? ३० मैले गर्व गर्नु नै पर्ने हो भने, म आफ्नो कमजोरी देखाउने कुराहरूमा गर्व गर्नेछु। ३१ प्रभु येशूका परमेश्वर र पिता, जो सदासर्वदा धन्य हुनुहुन्छ, उहाँले जान्नुहुन्छ, कि म ढाँट्दिनँ। ३२ दमस्कसमा अरितस राजाका हाकिमले मलाई पक्रन दमस्कस सहरमा पहरा राखेका थिए। ३३ तर पर्खालको एउटा झ्यालबाट डालोमा राखेर मलाई तल झारिदिएको हुनाले म तिनका हातबाट उम्कें।"

अब यो पढ्नुहोस्ः "३ हाम्रा प्रभु येशू ख्रीष्टका परमेश्वर तथा पिता, करुणामय पिता, र सबै सान्त्वनाका परमेश्वरलाई प्रशंसा होस्। ४ उहाँले हामीलाई सबै दुःखमा सान्त्वना दिनुहुन्छ, ताकि हामीले पनि परमेश्वरबाट पाएको त्यही सान्त्वनाले कुनै पनि दुःखमा परेकाहरूलाई सान्त्वना दिन सकौं। ५ किनकि जसरी हामी ख्रीष्टका कष्टमा प्रशस्त गरी सहभागी हुन्छौं, त्यसरी नै

ख्रीष्टद्वारा सान्त्वनामा पनि प्रशस्त मात्रामा हामी सहभागी हुन्छौं। ६ हामीले दुःख पायौं भने यो तिमीहरूका सान्त्वना र उद्धारको निम्ति हो। हामीले सान्त्वना पायौं भने पनि त्यो तिमीहरूका सान्त्वनाको निम्ति हो। हामीले भोगेका त्यही दुःखहरू तिमीहरूले धैर्यसाथ सहँदा तिमीहरू पनि त्यही सान्त्वना अनुभव गर्छौं। ७ तिमीहरूका निम्ति हाम्रो आशा दृढ़ छ। किनकि हामी जान्दछौं, कि जसरी तिमीहरू हाम्रा दुःखमा सहभागी छौ, त्यसरी नै हाम्रो सान्त्वनामा पनि तिमीहरू सहभागी हुनेछौ। ८ भाइ हो, हामीले एशियामा भोगेका दुःखको विषयमा तिमीहरू अजान रहो भन्ने हामी चाहँदैनौं। किनभने हामी सहन नसक्ने किसिमले यति साह्रो मिचिएका थियौं, कि जीवनदेखि हामीले हरेस खाइसकेका थियौं। ९ हामीलाई त मृत्युदण्ड नै पाएझैं लागेको थियो। हामी आफैमाथि होइन तर मृतकहरूलाई जीवन दिई उठाउनुहुने परमेश्वरमाथि हामी भर परौं भनेर यो हुन आयो। १० उहाँले हामीलाई यस्तो भयानक जोखिमबाट छुटाउनुभयो, अनि उहाँले हामीलाई छुटाउनुहुनेछ। उहाँमाथि नै हामीले हाम्रो भरोसा राखेका छौं, कि उहाँले हामीलाई फेरि पनि छुटाउनुहुनेछ। ११ तिमीहरूले पनि प्रार्थनाद्वारा हामीलाई सहायता गर्नैपर्छ। तब धेरै प्रार्थनाको प्रत्युत्तरमा हामीलाई प्राप्त भएको आशिष्को निम्ति धेरैले हाम्रा पक्षमा धन्यवाद चढ़ाउनेछन्। १२ यस कुरामा हामी गर्व गर्छौं, अनि हाम्रो विवेकले पनि त्यसको गवाही दिन्छ, कि संसारमा र विशेष गरी तिमीहरूसँगको हाम्रो सम्बन्धमा हामी पवित्रता र ईश्वरीय सत्यतामा चलेका छौं, यो सांसारिक बुद्धिअनुसार होइन, तर परमेश्वरको अनुग्रहबाट हो।" २ कोरिन्थी १:३-१२।

**प्रभुको कृपा र सान्त्वना हामीले पाउनुपर्ने कारण के हो भनेर पावलले २ कोरन्थी १:४मा यसरी व्यक्त गर्दछन् "उहाँले हामीलाई सबै दुःखमा सान्त्वना दिनुहुन्छ, ताकि हामीले पनि परमेश्वरबाट पाएको त्यही सान्त्वनाले कुनै पनि दुःखमा परेकाहरूलाई सान्त्वना दिन सकौं।" दुःखकष्ट पनि सेवाको निम्ति नै आएको हो रे! यस कुरामा तपाईं कसरी सजग हुनसक्नुहुन्छ?**

दुःखकष्ट, चोटमा परेकाहरू र हृदय छिया छिया हुनेहरूको सेवा हामीले गरुन् भन्ने प्रभुको इच्छा हो। त्यसको अर्थ त्यही खालको अनुभव हामीले पहिला गरेर अरूको भावना बुझ्न सकुन् भन्ने प्रभुको चाहना हुनसक्छ। अनि मुखले होइन तर इमान्दारसाथ हृदयलाई सान्त्वना हुने गरेर उत्साह र हौशला अरूहरूलाई दिन सक्ने हुन्छौं। हामी आफैले प्रभुका करुणा र सान्त्वना पाएकोले त्यही अरूहरूलाई पनि दिनसक्ने कला हामीमा विकसित

हुन्छ। यो नीति येशूको जीवनमा देखाउनुभएको थियो। हेर्नुहोस, "किनकि हाम्रा प्रधान पूजाहारी हाम्रो दुर्बलतामा हामीसँग सहानुभूति देखाउन नसक्ने हुनुहुन्न। तर हामीजस्तै उहाँ सबै कुरामा परीक्षित हुनुभयो, र पनि पापरहित हुनुहुन्थ्यो।" हिब्रू ४:१५।

पावललले बढो मार्मिक तवरले आफ्ना दुःख, कष्ट, सतावट आदि गरेको चित्रण उहाँप्रति दुःखित हुन होइन। तिनीहरू उल्लेख गरिएका छन् कि जब हामी पनि त्यस्तै गहिरो पीडामा पर्दछौं पिताले अझै पनि हस्तक्षेप गर्न सक्नुहुन्छ र हामीलाई सान्त्वना, करुणा र उत्साह प्रदान गर्न सक्नुहुन्छ भनेर थाहा पाओस् भन्ने उनको चाहना थियो। हामीहरूको जीवन चक्नाचुर होला, हामीलाई मारिएला, दवाइएला, पेलिएला तैपनि हामी डराउनु आवश्यक छैन। उहाँमाथि भरोसा राख्न उहाँले हामीलाई सिकाइरहेको हुन्छ। उहाँलाई विश्वास गर्न सकिन्छ। उहाँमाथि हामी भरोसा राख्न सक्छौं किनकि मृत्युलाई बिंउताउने प्रभु उहाँमात्र हुनुहुन्छ (२ कोरन्थी १:९)।

आफ्नो आँखाहरू येशूमा लगाउँदै सुसमाचार प्रचार गर्दा पावललाई थाहा थियो कि एकदिन भविष्यमा उनलाई उद्धार गर्नुहुनेछ। २ कोरन्थी १:१० अनुसार पावलमा भएको आत्मबल, प्रभुप्रति प्रतिवद्धता र निष्ठामा अडिग रहनसक्ने खुबी तीनवटा कारणहरू छन् भनेर उनले उल्लेख गर्दछन्ः पहिलो, प्रभुले विगतमा गरेका कुराहरूको लेखाजोखा स्पष्ट छः "उहाँले हामीलाई यस्तो भयानक जोखिमबाट छुटाउनुभयो, अनि उहाँले हामीलाई छुटाउनुहुनेछ। उहाँमाथि नै हामीले हाम्रो भरोसा राखेका छौं, कि उहाँले हामीलाई फेरि पनि छुटाउनुहुनेछ।" २ कोरिन्थी १:१०। दोस्रोमा, उनको नजर प्रभु आफैमा राखिरहने उनको प्रतिवद्धता "उहाँमाथि नै हामीले हाम्रो भरोसा राखेका छौं, कि उहाँले हामीलाई फेरि पनि छुटाउनुहुनेछ।" २ कोरिन्थी १:१०। तेस्रोमा सन्तहरूको निरन्तर प्रार्थनाले विश्वासमा अडिग हुन बल मिल्दछ "तिमीहरूले पनि प्रार्थनाद्वारा हामीलाई सहायता गर्नैपर्छ।" २ कोरिन्थी १:११।

**पावलबाट तपाईंले के सिक्नुहुन्छ जुन तपाईं पनि त्यही खालको अग्निज्वालामा पर्दा आफू कस्तो नराम्रो, असफल भनेर दिक्क मान्ने होइन तर त्यसबाट जोगिन प्रभुमा अडिग रहनसक्ने क्षमता पाउन सिक्न सक्नुहुन्छ?**

## ५. अत्यधिक तापक्रम वा राप

हामीलाई ख्रीष्टको स्वरूप, चरित्र र स्वभावमा परिणत गर्न वा पुनर्स्थापित र शुद्ध गर्न प्रभुले अनेकौं अग्निवाण वा अग्नि अस्त्रहरू प्रयोग गर्नुहुन्छ भनेर यस पुस्तकमा हेरिरहेकाछौं। ती वाणहरूलाई हेरेर कतिपय मानिसहरूले प्रभुको बारेमा गलत चित्रण गर्दै उहाँ निष्ठुर, अस्तित्वविहिन, र दासलाई दवाउन र काममा लगाउने कठोर मालिक हुनुहुन्छ भनेर सोच्दछन्। र यस संसारमा परमेश्वर नै छैन भनेर उहाँबिना जीवन बिताउन प्रायजसो मानिसहरू रुचाइरहेका हुन्छन्। कतिले यो पनि भन्दछन्, "परमेश्वर हुनुहुन्छ। हामीमा केही राम्रो भएको उहाँ चाहनुहुन्छ। तर दुःखकष्ट र परीक्षाका उदाहरणहरूले उहाँले हामीलाई माया गर्नुहुन्छ र वास्ता गर्नुहुन्छ भनेर देखाउँदैन। यथार्थमा हेर्ने हो भने कतिपय मानिसहरूको धारणामा उहाँ बुली वा कमजोरलाई दवाइ राख्ने साँढे जस्तै हुनुहुन्छ भनेर र बेलाबेलामा हामीले केही गर्न नसक्ने परिस्थितिहरू खडा गरेर दुःखदिने कामहरू गर्नुहुन्छ भनेर उहाँप्रति नकारात्मक कुराहरू सोच्दछन्, लेख्दछन् र सुनाउन पनि रुचाउँछन्।

यो कुरो सत्य हो कि यस पापले प्रदुषित, धर्म, राजनैतिक, सामाजिक आदिले जतातै भरिभराऊ भएको संसारमा जेजे भइरहेको छ त्यो केवल अलिकतिमात्र बुझ्न प्रयास गर्न सक्छौं। तर स्वर्गमा हामीले धेरै कुराहरू बुझ्ने छौं। यस मामिलामा पावलले यसरी खुलाउँछन्, "यसकारण तोकिएको समयभन्दा अघि न्याय नगर, कसैको मूल्याङ्कन नगर, प्रभु आउञ्जेल पर्ख। उहाँले अँध्यारोमा लुकेका कुराहरूलाई प्रकाशमा ल्याउनुहुनेछ, र मानिसका हृदयका अभिप्रायहरू प्रकट गरिदिनुहुनेछ। तब हरेक मानिसले परमेश्वरबाट आफ्नो प्रशंसा पाउनेछ।" १ कोरिन्थी ४:५ र "अहिले हामी ऐनामा जस्तै धमिलोसँग देख्छौं, तर त्यस बेलाचाहिँ छर्लङ्ग देख्नेछौं। अहिले म थोरै मात्र बुझ्दछु, त्यस बेलाचाहिँ पूरै बुझ्नेछु, जसरी म पनि पूर्ण रूपले चिनिएको छु।" १ कोरिन्थी १३:१२।

तर अहिले हामी प्रभु हाम्रो साथमा हुनुहुन्छ, हामीलाई वास्ता गर्नुहुन्छ, हामीले बुझ्नै नसकिने परिस्थितिहरूको सामना गर्नुपरेतापनि भन्ने कुरामा प्रतिवद्धता जनाइरहनु अत्यन्तै अनिवार्य छ। हामीलाई असुविधा होला, अप्ठ्यारो होला र दिमागमा अनेकौं भाँडभैलो होला तर प्रभुको उपस्थितिलाई कहिल्यै पनि नभुलौं।

यस मामिलामा यशैयाले बढो व्यवहारिक ढँगले प्रस्तुत गरेका छन्। प्रभु आफैले स्पष्ट पार्नुभएको छ कि उहाँकै जनहरू आगो र पानी भएर जानेछन्। यी चित्रणले उहाँ जनहरू अत्यधिक खतरा पार गर्नुपर्छ भनेर देखाउँछ। इस्राएलीहरू डरलाग्दो लालसागर र उर्लन्दै गरेको यर्दन नदीहरू वास्तविकरूपमै पार गर्न वाध्य भएका थिए। तर ती सबैबाट तिनीहरूलाई नयाँ जिवनमा लग्न सघाएको थियो। ती खतराहरूबाट तपाईंलाई सुरक्षा दिनुहुनेछ भनेर उहाँबाट अपेक्षा गर्नुपनि होला। हामीलाई सबै ठिक, ठिक र सजिलो बाटोबाट लानुहुन्छ भनेर पनि ढुक्क होऔंला। तर भजन २३ अनुसार जीवनमा कठिन र डरलाग्दो परिस्थितिहरू आएतापनि प्रभुका जनहरू डराउन र तिनीहरूले दवाउन आवश्यक छैन किन तिनीहरूको साथमा उहाँ निरन्तररूपमा हुनुहुन्छ।

**यशैया ४३:१-७ केलाएर पढ्नुहोस्। आगो र पानीबाट प्रभुका जनहरू जानुपर्दा उहाँले कुनकुन तरिकाहरूद्वारा सहयोग र सान्त्वना दिनुहुन्छ, सो लेख्नुहोस्। तपाईंको दिमागमा त्यसको चित्रण कस्तो छ? तपाईंकै निम्ति अरू प्रतिज्ञाहरू तपाईंको दिमागमा कसरी आउँदछन्? हेर्नुहोस्, " १ तर अब हे याकूब, तिमीलाई रच्नुहुने, हे इस्राएल, तिमीलाई सृष्टि गर्नुहुने परमप्रभु भन्नुहुन्छः "नडरा, किनकि मैले तिमीलाई मोल तिरेर छुटाएको छु। मैले तिमीलाई तिम्रो नाउँ काढ़ेर बोलाएको छु, तिमी मेरै हो। २ तिमी पानीबाट भएर जाँदा म तिम्रो साथमा हुनेछु। तिमी नदीहरूबाट भएर जाँदा तिनले तिमीलाई डुबाउनेछैनन्। तिमी आगोबाट हिँड़र जाँदा तिमी डढ्नेछैनौ। त्यसको ज्वालाले तिमीलाई भस्म पार्नेछैन। ३ किनभने म परमप्रभु, तेरा परमेश्वर हुँ, इस्राएलका परमपवित्र, तिम्रो उद्धारक। तिमीलाई छुटाउनका निम्ति मिश्रदेश, र तिम्रो सट्टामा कूश र सेबा म दिन्छु। ४ *तिमी मेरो दृष्टिमा बहुमूल्य र आदरणीय भएकाले,* र मैले तिमीलाई प्रेम गरेको कारणले म मानिसहरूलाई तिम्रो सट्टामा, र जाति-जातिहरूलाई तेरो जीवनको सट्टामा दिनेछु। ५ नडराऊ, किनकि म तिमीसित छु। म तिम्रा छोराछोरीहरूलाई पूर्वदेखि ल्याउनेछु, र पश्चिमदेखि तिमीहरूलाई भेला गर्नेछु। ६ म उत्तर दिशालाई भन्नेछु, 'तिनीहरूलाई दिइहाल्'। र दक्षिण दिशालाई भन्नेछु, 'तिनीहरूलाई नथुन्'। मेरा छोराहरूलाई टाढ़ादेखि र मेरा छोरीहरूलाई पृथ्वीको पल्लो छेउदेखि ल्याओ, ७ <u>हरेक जो मेरो नाउँद्वारा बोलाइएको छ, जसलाई मैले मेरो महिमाको निम्ति सृष्टि गरेको छु, जसको आकार मैले नै रचें र बनाएँ।"</u>**

प्रभुले हामीलाई अग्निज्वालाबाट पार गराउनुहुँदा उहाँले प्रयोग गर्ने तीन तरिकाहरू हामीले हेरेर सार निकाल्न सक्छौं। पहिलो त हामीमा आउन अत्यधिक राप र ज्वाला हामीलाई नाश गर्न होइन तर हामीमाभएको पापलाई नाश गर्न हो। दोस्रोमा, हामीलाई प्रयोग गरिने अग्निअस्त्र वा आगोका ज्वालाहरूले हामीलाई तहसनहस र दयनीय बनाउन होइन तर उहाँको स्वरूपममा जसरी सुरुमा ढालिएको थियो त्यही स्वरूपमा ढाल्न प्रयोग गर्नुहुन्छ। तेस्रोमा, ती परिस्थितिहरूमा प्रभु हामीबाट टाढा हुनुहुन्न। उहाँले हामीलाई निरन्तररूपमा कोमल र स्याहार गर्नुहुन्छ। उहाँले हामीलाई कहिल्यै पनि एक्लो छोड्नुहुन्न। हामीलाई जे भएतापनि वा मृत्यु नै हामीमाथि खनिएतापनि उहाँ हाम्रो साथमा हुनुहुन्छ।

**प्रभुका क्रियाकलाप र चरित्रको बारे देहायका केही पदहरूले तपाईंलाई के सिकाउँदछ? हेर्नुहोस् " ८ परमप्रभु टिठालु र अनुग्रही, क्रोध गर्नमा ढिला, र अति करुणामय हुनुहुन्छ। ९ उहाँले सधैं दोष लगाइरहनुहुन्न, उहाँले सधैंभरि क्रोध पनि लिइराख्नुहुन्न। १० उहाँले हामीसँग हाम्रा पापअनुसारको व्यवहार गर्नुहुन्न, अनि हाम्रा अधर्मअनुसार हामीलाई दण्ड दिनुहुन्न। ११ किनकि पृथ्वीबाट स्वर्ग जत्ति अग्लो छ, उहाँका भय मान्नेहरूमाथि उहाँको करुणा त्यत्तिकै महान् छ। १२ पश्चिमबाट पूर्व जत्ति टाढ़ा छ, उहाँले हाम्रा अपराधहरू हामीबाट त्यत्तिकै टाढ़ा हटाइदिनुभएको छ।१३ जसरी बाबुले आफ्ना छोराछोरीहरूलाई टिठ्याउँछन्, त्यसरी नै उहाँका भय मान्नेहरूलाई परमप्रभुले टिठ्याउनुहुन्छ। १४ किनभने उहाँ जान्नुहुन्छ, हाम्रो सृष्टि कसरी भएको हो, हामी धूलो मात्र हौं भनी उहाँ सम्झनुहुन्छ। १५ मानिसको आयु त घाँसको आयुजत्तिकै छ, मैदानको फूलझैं त्यो ढकमक्क फुल्दछ, १६ अनि बतास त्यस फूलमाथि भएर जान्छ, र त्यो विलीन हुन्छ, र त्यसको ठाउँले पनि त्यसको याद गर्दैन। १७ तर परमप्रभुको करुणा आफ्ना भक्तहरूमाथि र उहाँको धार्मिकता तिनीहरूका छोरा-नातिमाथि अनन्तदेखि अनन्तसम्म रहन्छ– १८ तिनीहरूमाथि ज-जसले उहाँको करार पालन गर्दछन्, र उहाँका आदेशहरू पालन गर्न ख्याल गर्छन्।" भजनसंग्रह १०३:८-१८, " मैले तिमीहरूलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरूलाई सिकाओ। हेर, म युगको अन्त्यसम्म सधैं तिमीहरूका साथमा छु।" मत्ती २८:२०, "मानिसलाई आइपर्ने परीक्षाबाहेक तिमीहरू अरू परीक्षामा परेका छैनौ। परमेश्वर विश्वासयोग्य हुनुहुन्छ। उहाँले तिमीहरूलाई तिमीहरूका शक्तिदेखि बाहिरका परीक्षामा पर्न दिनुहुनेछैन, तर परीक्षाको साथसाथै**

उम्कने बाटो पनि बनाइदिनुहुनेछ– यसरी तिमीहरू त्यसलाई खप्न सक्नेछौ।" १ कोरिन्थी १०:१३ र " ३ परमेश्वर र हाम्रा प्रभु येशू ख्रीष्टका पिता धन्यका हुनुहुन्छ! उहाँको महान् कृपाले मृतकबाट येशू ख्रीष्टको पुनरुत्थानद्वारा एउटा जीवित आशाको निम्ति हामी नयाँ गरी जन्मेका छौं। ४ स्वर्गमा तिमीहरूका निम्ति साँचिराखेको उत्तराधिकार अविनाशी, विशुद्ध र नओइलने किसिमका छन्। ५ आखिर समयमा प्रकट हुन आँटेका मुक्तिको निम्ति तिमीहरू विश्वासद्वारा परमेश्वरको शक्तिबाट सुरक्षित राखिएका छौ। ६ तिमीहरू यसैमा रमाउँछौ, यद्यपि अहिले थोरै समयको निम्ति तिमीहरूले विभिन्न किसिमका कष्ट भोग्नुपर्दछ। ७ <u>*आगोबाट खारिने तर नष्ट भएर जाने सुनभन्दा पनि तिमीहरूको विश्वास मूल्यवान् छ। तिमीहरूको यो विश्वास साँचो प्रमाणित होस्, र येशू ख्रीष्ट प्रकट हुनुहुँदा प्रशंसा, महिमा र आदरको योग्य बनोस्*</u>। ८ तिमीहरूले नदेखे तापनि उहाँलाई प्रेम गर्छौ। उहाँलाई तिमीहरू अहिले देख्दैनौ, तापनि उहाँमाथि विश्वास गर्छौ र अवर्णनीय र गौरवमय आनन्दमा रमाउँछौ। ९ तिमीहरूका विश्वासको प्रतिफलस्वरूप तिमीहरूले आफ्ना आत्माको मुक्ति पाउँछौ।" १ पत्रुस १ः३-९।

के तपाईले माथिका पदहरूको वास्तविकतालाई आफ्नो जीवनमा अनुभव गर्नुभएको छ?

## उपसंहारः

**थप जानकारीः दिदीमाँ एलेन, *पाट्रियार्क एण्ड प्रोफेटस,* पृ. १४५-१५५को "द टेस्ट अभ फेथ", *टेस्टिमोनिज फर द चर्च,* ठेली ५, पृ. ३१५-३१९को "प्रेज यी द लर्ड।"**

"दुःखकष्ट र आगोको भट्टीमा आफ्ना जनहरूलाई जहिलै पनि पार्नुभएको थियो। भट्टीमा भएको आगोले इसाई चरित्रमा हुनुनपर्ने शुद्ध सुनमा भएका धातुमल वा फोहरहरूलाई अलग गरिन्छ। येशूले त्यो परीक्षा हेर्नुहुन्छ। बहुमूल्य धातुलाई पगाल्न र शुद्ध गर्न के तत्वको आवश्यकता छ सो उहाँलाई थाहा छ। त्यस धातुमा उहाँको चहकिलो अनुहार प्रतिबिम्बित गरेको उहाँ चाहनुहुन्छ। नजिक हुनुभएर र अनेकौं परीक्षाहरूद्वारा प्रभुले उहाँका सेवकहरूलाई अनुशासन र तालिम दिनुहुन्छ। कतिपयसँग दक्षता, सिप, बल र शक्ति उहाँको निम्ति प्रयोग गर्न सक्ने भएको उहाँले देख्नुहुन्छ। ती मानिसहरूलाई ती परीक्षाहरूमा उहाँले पार्नुहुन्छ। प्रभुको समयमा तिनीहरूको चरित्रलाई स्वच्छ र शुद्ध बनाउने स्थितिमा ल्याउनुहुन्छ। उहाँले तिनीहरूलाई

घटी, कमिकमजोरीहरूलाई देखाउनुहुन्छ र उहाँमाथि भरोसा राख्न सिकाउनुहुन्छ। तिनीहरूलाई जिम्मा लगाइदिएको महान् लक्ष्यहरू पूरा गर्न दिन तिनीहरूलाई दिएका शक्ति र बलहरूमा सम्पन्न होस् भनेर उहाँले नै तिनीहरूलाई शिक्षित बनाउनुहुन्छ, तालिम दिनुहुन्छ र अनुशासनमा राख्नुहुन्छ।"-*पाट्रियार्क एण्ड प्रोफेटस,* पृ. १३९, १३०बाट रूपान्तरित।

"अनेकौं दुःखकष्ट सहन परीक्षाहरू आउन प्रभुकै इच्छा हो भने क्रूसलाई हामी स्वीकारौं र तितो प्याला पिउनपनि राजी हौं। तिनीहरू परमपिता प्रभुले नै हाम्रो ओठमा लगाइदिनुहुन्छ भन्ने कुरालाई याद गरौं। हाम्रो भलाईको निम्ति सबै असल कुराहरू उहाँले दिनुहुन्छ भन्ने कुरालाई के हामी बिर्सिने वा विश्वास नगर्ने? अनेकौं पीडाको रातमा पनि हाम्रो हृदय उचालेर उहाँप्रति आभारित भएर प्रशंसित हुनु हुन्दैन र? जब उहाँले हाम्रो निम्ति क्रूसमा खन्याउनुभएको प्रेमलाई सम्झिन्दा के हामीले हाम्रो हृदयलाई त्यसै सम्हालिराख्ने?" *टेस्टमोनिज फर द चर्च,* ठेली ५, पृ. ३१६बाट रूपान्तरित।

**चिन्तनमननः**

अ. **कोही विश्वासी अब्राहम जस्तै अधिकतम रापमा नपरेतापनि परीक्षामा पर्दा कस्तो गाऱ्हो भएको होला सो त्यस व्यक्तिसँग चर्चा गर्नुहोस्। त्यस व्यक्तिको सफल र असफल जीवनबाट तपाईंले के सिक्न सक्नुहुन्छ?**

आ. **क्रूसमा होमिनुभन्दा अघि येशूको अन्तिम २४ घन्टाको बारेमा ध्यान गर्नुहोस्। उहाँले कस्तो अत्यधिक रापको सामना गर्नुपर्यो होला? उहाँले कसरी सहनुभयो? उँहाले अपनाउनुभएका के नीतिहरू छन् जुन हाम्रै अग्निपरीक्षामा प्रयोग गर्न सक्दछौं?**

इ. **हाम्रै दुःखकष्टको अनुभवले दुःखकष्ट पाएकाहरूलाई कसरी सेवा गर्ने? जतिसुकै सत्य वा तितो सत्य भएतापनि दुःखकष्टको सामना कुनै मनगढन्ते र अनेपक्षित नभएर वास्तविक नै हो भनेर कसरी स्वीकार्ने?**

ई. **दिनमा होस् वा रातमा होस् अन्धकारको समयमा उहाँलाई विश्वास गरौं भन्ने दिदीमाँ एलेनको कथनलाई के भन्ने? भन्न त सजिलो छ तर व्यवहारमा उतार्न सजिलो छैन। तर त्यस किसिमको विश्वासले हाम्रो हृदयलाई समातिराख्न पारस्परिक विश्वास कसरी बढाउने? खराब परिस्थितिमा पनि प्रभुप्रति भरोसा राख्नु किन जरुरी छ?**

## कथा ५
## सुन्दर चट्टान, ब्राजिल
## जाकुलिनी



**ब्राजिल**को सहरको बीचमा कलकल बग्ने लामो रमणीय खोला छ जसलाई इटापाकीमा भन्छ। त्यसको अर्थ हो "सुन्दर चट्टान वा ब्युटीफुल रक।" त्यस इटापाकीलाई सुन्दर चट्टान भन्नुको असल कारण छ। त्यस सहर विभिन्न महत्त्वपूर्ण धातुहरूको थुप्रो भएको क्षेत्रमा खडा गरिएको छ। खानीमा काम गर्नेहरूले त्यहाँ क्रिस्टल वा विभिन्न चम्किने पत्थरहरू खोज्छन्। तिनीहरूमा चकमक र चम्किलो पत्थर माइका खोज्छन्। यसले अनुहारलाई सुन्दर बनाउने क्रिमहरूमा प्रयोग गरिन्छ। खानीका मानिसहरूले त्यहाँ सुन पनि खोज्दछन्। त्यसकारण सुन्दर पत्थर र चकमक सुन पाउने भएकोले त्यो सहरलाई "ब्राजिलको ब्युटिफुल रक वा सुन्दर चट्टान" भनेर नामाङ्करण गरिएको थियो। त्यो सहर १८५०० मानिसहरूको बस्ती हो। त्यस बस्तीमा जाकुलिनी रहन्थिन्। तर उनको निम्ति सबै थोक सुन्दर थिएन। उनको जीवनमा धेरै व्यक्तिगत समस्याहरू थुप्रिएको थियो र कहाँ जाने के गर्ने भन्ने कुरामा उनी अलमलिरहेकी थिइन्। तब एक दिन उनकी साथी मरिया रीताले सेभेन्थ-डे एडभेन्टिस्टहरूको महिला सङ्गतिमा आउन आमन्त्रित गरिन्।

जाकुलिनीलाई त्यो समूह मन पर्‍यो र उनी प्रत्येक मङ्गलबार हुने महिला सङ्गतिमा जान थालिन्। चर्चले अरू भेलाहरू पनि गर्छ भनेर उनले थाहा पाइन्। हप्ताको चार दिन हुने चर्चको विभिन्न भेलाहरूमा उनी सरिक हुन थालिन्। उनको निम्ति त्यो नौलो थियो।

जाकलिनी इसाई परिवारमा हुर्केकी थिइन्, तर उनलाई परमेश्वरको बारेमा त्यति ज्ञान थिएन। उनी सानैमा उनको परिवारको चर्चमा बप्तिस्मा लिएकी थिइन्। पछि उनी पहिलो प्रभुभोजमा त्यही चर्चमा भाग लिएकी थिइन्। उनी प्रत्येक आइतबार चर्च जान्थिन्, तर आफ्नो हृदय खाली भएको उनलाई महसुस भइरहेको थियो। उनको जीवनमा परमेश्वरको उपस्थिति भएको जस्तो लागेको थिएन। उनले कहिलेकाहीँमात्र बाइबल पढ्थिन् र

बाइबलका पदहरूको बारेमा सोच्दथिन्। जाकुलिनी चर्चमा हप्ताको चार दिन जान थालेकोमा उनकी साथी साथी मरिया रीता खुशी भइन्।

दुवै महिलाहरू परमेश्वरको बारेमा हृदयदेखि कुराकानी गर्न थाले। मरिया रीताले साबथ र मानिस मरेपछि के हुन्छ भन्ने विषयलाई औँल्याएर जाकुलिनीलाई सोधिन्। साबथ र मानिस मरेपछि के हुन्छ भन्ने विषयमा जाकुलिनीले कहिल्यै पनि बाइबलमा पढेकी थिइनन्। ती विषयहरूको बारेमा जान्न उनी उत्सुक भइन्। अनि उनी आफै बाइबल पढ्न थालिन् र परमेश्वरको बारेमा प्रकट गरिएका सत्यहरू त्यसमा खोतल्न थालिन्। बाइबलका पवित्र पदहरूमा ध्यान गर्न थालिन्।

तब मरिया रीताले आफूसँग बाइबल अध्ययन गर्न जाकुलिनीलाई अनुरोध गरिन् तब उनी खुशीसाथ राजी भइन्। असल स्वास्थको बारेमा बाइबलमा भएको रूपरेखाबारे उनी आकर्षित भइन्। एडभेन्टिस्ट चर्चमा सिकाइएको बाइबलमा केन्द्रित सन्देशले उनको मन छुन थालेको थियो। एडभेन्टिस्टले सिकाएको स्वास्थ शिक्षाप्रति उनलाई विशेष प्रभाव पारेको थियो। उनी विश्वविद्यालयमा पौष्टिक आहारमा ग्राडुयट भएकी थिइन्। एडभेन्टिस्ट चर्चले पौष्टिक खाना र स्वस्थ जीवनशैलीप्रति जोड दिने भएको थाहा पाएकीले उनलाई यस चर्चतिर परमेश्वरले नै डोऱ्याइरहेको आभास् पाइन्।

बाइबल अध्ययन सधैं सजिलो थिएन। कहिलेकाहीँ जाकुलिनीले नयाँ सत्यलाई ग्रहण गर्न तयार थिइनन्। तर जब उनी बाइबल अध्ययन गर्दै थिइन्, तब आफ्नो जीवन पूरै येशूमा समर्पित गर्नुपर्ने चाहना बढ्न थालेको थियो।

मरिया रीतासँग बाइबल अध्ययन गरिसकेपछि, तिनीहरू प्रकाशको पुस्तक सँगसँगै अध्ययन गर्ने निधो गरे। प्रकाशको पुस्तकमा इटापाकी वा ब्राजिलको सुन्दर चट्टान भन्दा सुन्दर ठाउँको बारेमा पढिन्। उनले प्रकाशको पुस्तकमा यो पनि पढिन् "अनि मैले परमेश्वरबाट दुलहाको निम्ति दुलही जस्तै गरी सिङ्गारिएर तयार पारिराखेकी, अर्थात् पवित्र सहर, नयाँ यरूशलेम स्वर्गबाट तलतिर झरिरहेको देखें।" प्रकाश २१:२। त्यस सहरको जग सबै खालका बहुमूल्य पत्थरहरूले सजिएको भनेर यसरी पढिन्, "पर्खालका जगहरू अनेक किसिमका बहुमूल्य रत्नहरूले जड़िएका थिए। पहिलो जग बिल्लौरको, दोस्रो नीर, तेस्रो हरित रत्न, चौथो पन्ना, पाँचौं आनिक्स, छैटौं लालमणि, सातौं पीतमणि, आठौं बेरूज, नवौं पुष्पराज, दशौं लसुने, एघारौं नीलमणि र बाह्रौं,

कटेलाको थियो।" प्रकाश २१:१९-२०। त्यस सहरको बारेमा उनले यो पनि पढिन्, "त्यो पर्खाल बिल्लौरले बनेको थियो, र सहरचाहिँ निखुर सुनले बनेको थियो र सफा काँचजस्तै त्यो चम्कन्थ्यो।.. ती बाह्र ढोकाचाहिँ बाह्र मोतीका थिए। प्रत्येक ढोका मोतीको थियो। त्यस सहरको सड़क चहकिलो शीशाजस्तै निखुर सुनको थियो। प्रकाश २१:१८, २१। नयाँ यरुशलेम सहरमा बस्ने प्रत्येकलाई सुन्दर सेतो पत्थर येशूले दिनुहुनेछ भनेरपनियो पढिन्, "जसको कान छ, त्यसले सुनोस्, पवित्र आत्माले मण्डलीहरूलाई के भन्नुहुन्छ। जसले जित्छ, त्यसलाई म गुप्त-मन्नको केही भाग दिनेछु, र म त्यसलाई नयाँ नाउँ लेखिएको एउटा सेतो पत्थर दिनेछु, जो पाउनेले बाहेक अरू कसैले जान्दैन।" प्रकाश २:१७। त्यसको बारेमा सुनेपछि जाकुलिन त्यहाँ जान आत्तुरी भइन्।

आज जाकुलिनी उनको "ब्राजिलको सुन्दर चट्टान" नाउँ गरेको सहरमा प्रभुको निम्ति चम्किलो ज्योति भएकी छिन्। उनको श्रीमान, तिनीहरूका छोरीहरू र धेरै मानिसहरू नयाँ यरुशलेममा सर्न तयारा होउन् भन्ने आफ्नो चाहना छ भनेर उनले सुनाउँछिन्। उनले नयाँ यरुशलेम "विश्वब्रमाण्डको सुन्दर चट्टान" भनेर हृदयमा सजाइराखेकी छिन्।

"मेरो जीवनमा अचम्मका मानिसहरूको सम्पर्कमा मलाई राखेकोमा म परमेश्वरलाई धन्यवाद दिन्छु। सबै थोक असलकै निम्ति जोरिरन्छ भन्ने कुरा मलाई थाहा छ। मेरो र तपाईंहरूको निम्ति उहाँसँग योजना छ। म जे छु मसँग जेछ त्यसको निम्ति म येशूलाई धन्यवाद दिन्छु। म योग्य नभएपनि उहाँले मलाई प्रेम गर्नुभएकोमा म उहाँलाई धन्यवाद दिन चाहन्छु। म ख्रीष्टमा बढ्दै जान चाहन्छु। धेरै मानिसहरूलाई उहाँकहाँ ल्याउन म चाहन्छु," जाकुलिनीले यस लेखकलाई सुनाइन्।

-आन्ड्रयु मेकचेस्नी